नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)
सिंहदरबार, काठमाडौं

फोन:०१-४२००३३१
४२००३३२
www.mofaga.gov.np
सिंहदरबार, काठमाण्डौं ।

प.सं.: ०७७/७८ (सा.स.सा.सु.)
च.नं.: ११

मिति २०७७।०४।३०

श्री स्थानीय तह, सबै ।

विषयः आवश्यक कारबाही सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय समावेशी आयोगको च.नं. १६८ मिति २०७७।०३।३० को पत्रको छायाँप्रति यसैसाथ संलग्न छ । सो सम्बन्धमा उक्त पत्रबाट अनुरोध गरिएका विषय विपन्न पिछडावर्ग अति सिमान्तीकृत जातजाती समुदाय र गरिबहरुका लागि सुरक्षित किफायती र वातावरणमैत्री आवास उपलब्ध गराउने विषय लगायतका कार्यहरु कार्यान्वयनका लागि नेपाल सरकारको कार्यविभाजन नियमावली, २०७४ तथा नेपाल सरकारको चालु आ.व. ०७७।७८ को नीति तथा कार्यक्रममा समेत सम्बद्ध निकायहरुको भूमिका एवं कार्यक्षेत्र उल्लेख गरिएको व्यहोरा विदितै छ । अतः यस सम्बन्धमा राष्ट्रिय समावेशी आयोगबाट आवश्यक व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने भनी निर्णय भएका विषयमा आवश्यक व्यवस्था गर्न गराउन सचिवस्तरबाट मिति २०७७।०४।२७ मा निर्णय भएकोले सो अनुसार आवश्यक व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ ।

...................
बन्दना कर्ण
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय समावेशी आयोग, पुल्चोक, ललितपुर ।
श्री सुचना तथा प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन ।

राष्ट्रिय समावेशी आयोग
पुल्चोक, ललितपुर

पत्र संख्या: ०७६।७७
चलानी नं.: १६८

मितिः-२०७७/०३/३०

विषयः- आवश्यक व्यवस्था गरिदिने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

नेपाल सरकारको आ.व. ०७७।०७८ को नीति तथा कार्यक्रममा उल्लेखित सूरक्षित बस्ती निर्माण गर्ने र विपन्न, लोपोन्मुख र अति सीमान्तीकृत जातजाती, समुदाय र सहरी गरीबको लागि सुरक्षित, किफायती र वातावरण मैत्री आवास उपलब्ध गराउन नागरिक आवास कार्यक्रम कार्यान्वयन गर्ने विषय तथा समावेशी आयोगका मा. कार्यवाहक अध्यक्षज्यूको मकवानपुर र चितवन अनुगमन क्रममा उठेका विषयका सम्बन्धमा आयोगको बैठकबाट प्रदेश तथा स्थानीय तहमा रहेका "सार्वजनिक जग्गाहरुमा जग्गाको स्वामित्व सरकारकै कायम रहने गरी सम्बन्धित वर्ग समुदाय भित्रको पनि आवासविहीन, दैवि प्रकोपमा परेर स्थायी घर निर्माण नभएका तथा जोखिमयुक्त घर/टहरा तथा ओडारमा रहेका परिवार पहिचान गरी उपयुक्त मापदण्ड निर्माण गरी एकीकृत वस्तीमा बसोबास गराउने र एकीकृत रुपमा शिक्षा, स्वास्थ्य , रोजगारी, खानेपानी, सरसफाई, विद्युत जस्ता भौतिक र सामाजिक पूर्वाधारको निर्माण सँगै भाषा-संस्कृति र जीवनशैलीको संरक्षण गरी एकीकृत वस्ती विकासको कार्यक्रम लागू गराउन र यस्तो प्रकारका एकीकृत वस्ती विकास योजना सिमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, पिछडा वर्ग तथा आर्थिक रुपले विपन्न वर्गका लागि प्रत्येक प्रदेशमा नमूनाको रुपमा विकास गरि दिनका लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने" मिति २०७७।०३।३० मा निर्णय भएकोले निर्णय कार्यान्वयनको व्यवस्थाका लागि अनुरोध छ ।

२०७७/०३/३०

(पुष्कर भट्टराई)

उपसचिव

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार ।

राष्ट्रिय समावेशी आयोग
प्रस्ताव

राष्ट्रिय समावेशी आयोग
एकान्तकुना, ललितपुर
२०७५

फाइल संख्याः ०७६/०७७
प्रस्ताव नम्वरः ०६/०७६

वैठकसंख्याः १३ -०७६।०७७
मितिः २०७७/०३/३०

विषयः सिफारिस पठाउने सम्वन्धमा ।

१. विषय विवरणः

नेपालको संविधानको भाग २७ को धारा २५९ मा राष्ट्रिय समावेशी आयोगले खसआर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछिडिएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षणका लागि नेपाल सरकारलाई नीति निर्माण गर्न, कानून पुनरावलोकन र सुधार गर्न तथा हक अधिकारको संरक्षण तथा सशक्तिकरण गर्न सुझाव दिने व्यवस्था रहेको छ । नेपाल सरकारको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा सुरक्षित वस्ती निर्माण गर्ने र विपन्न, लोपोन्मुख र अति सीमान्तीकृत जातजाती, समुदाय र सहरी गरिवको लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास उपलब्ध गराउन नागरिक आवास कार्यक्रम कार्यान्वयन गर्ने विषय उल्लेख भएको छ । समावेशी आयोगका मा. कार्यवाहक अध्यक्षज्यूको मकवानपुर र चितवन अनुगमन क्रममा पनि एकीकृत वस्ती विकास आवश्यक भएको भनि माग उठेको सम्बन्धमा सम्बोधन गर्न आवश्यक देखिएको ।

२. प्राप्त राय परामर्श तथा अन्य प्रासङ्गिक कुराः

नेपालको संविधानको धारा २५९ का साथै राष्ट्रिय समावेशी आयोग ऐन २०७४ को दफा ३ अनुसारको आयोगको काम, कर्तव्य र अधिकारको कार्यान्वयनको लागि आयोगले नेपाल सरकार समक्ष नीति, कानून तथा कार्यक्रमको सिफारिस गर्ने व्यवस्था रहेको छ । यस आयोगका माननीय कार्यवाहक अध्यक्ष सहितको टोलीले गरेको अनुगमनबाट मकवानपुर र चितवन जिल्लामा रहेका नेपालका अति सीमान्तीकृत चेपाङ जातीहरुको आर्थिक-सामाजिक विकासको लागि एकीकृत वस्ती विकास योजना तर्जुमा र कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गरी पठाउन माग भएको छ । नेपाल सरकारको नीति तथा कार्यक्रममा पनि एकीकृत वस्ती विकासको नीति रहेकाले सो को कार्यान्वयन गर्दा विपन्न, लोपोन्मुख, अति सीमान्तीकृत समुदायलाई प्राथमिकतामा राख्न आवश्यक देखिएको छ । साथै "राष्ट्रिय समावेशी आयोगको बैठक संचालन सम्बन्धी कार्यविधि,२०७५" को दफा ५(४) बमोजिम आयोगमा प्रस्ताव पेश गर्न आयोगका

श्रीमान् सचिवज्यूबाट मिति २०७७।३।३० मा स्वीकृती प्राप्त भएकोले यो प्रस्ताव पेश गरिएको छ ।

राष्ट्रिय समावेशी आयोग पुल्चोक, ललितपुर २०७५

३. आयोगबाट निर्णय हुनुपर्ने व्यहोरा

आयोगको कार्यक्षेत्र भित्र पर्ने लक्षित वर्गहरु विशेष गरी सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, विपन्न तथा पिछडा वर्गको आर्थिक-सामाजिक विकासको लागि सम्पूर्ण सुविधा सहितको एकीकृत वस्ती विकासको योजना तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्नका लागि आयोगबाट छलफल भई निर्णय हुनु पर्ने ।

४. आयोगको निर्णयः

विपन्न, लोपोन्मुख, पिछडा वर्ग, अति सीमान्तीकृत जातजाती, समुदाय र गरिवहरुका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास उपलब्ध गराउने सम्बन्धमा सार्वजनिक जग्गाहरुमा जग्गाको स्वामित्व सरकारकै कायम रहने गरी सम्बन्धित वर्ग समुदाय भित्रको पनि आवासविहिन, दैवी प्रकोपमा परेर स्थायी घर निर्माण नभएका तथा जोखिममुक्त घर/टहरा तथा ओडारमा रहेका परिवार पहिचान गरी उपयुक्त मापदण्ड निर्माण गरी एकीकृत वस्तीमा बसोबास गराउने र एकीकृत रुपमा शिक्षा, स्वास्थ्य, रोजगारी, खानेपानी, सरसफाई, विद्युत जस्ता भौतिक र सामाजिक पूर्वाधारको निर्माणसँगै भाषा-संस्कृति र जीवनशैलीको संरक्षण गरी एकीकृत वस्ती विकासको कार्यक्रम लागू गराउने र यस्तो प्रकारका एकीकृत वस्ती विकास योजना सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, पिछडा वर्ग तथा आर्थिक रुपले विपन्न वर्गका लागि हाललाई प्रत्येक प्रदेशमा नमूनाको रुपमा विकास गरि आगामी दिनमा क्रमशः कार्यान्वयन गर्दै लैजाने गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्थाका लागि नेपाल सरकारलाई सिफारिस पठाउने ।

पेश गर्ने ।